# बुद्धशान्ति राजपत्र

बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८)बुधवारे, झापा, कोशी प्रदेश, नेपाल, माघ २, २०८१ साल (संख्या ५

# भाग-१

## स्थानीय सरकार

## बुद्धशान्ति गाउँपालिका

## बुधवारे, झापा

# बुद्धशान्ति गाउँपालिकाको सूचना

बुद्धशान्ति गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको बुद्धशान्ति गाउँपालिकाको बुद्धशान्ति गाउँपालिकाको स्वास्थ्य सेवा संचालन ऐन, २०८१ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्बत् २०८१ सालको ऐन नं. ३

# बुद्धशान्ति गाउँपालिकाको स्वास्थ्य सेवा संचालन ऐन, २०८१

**प्रस्तावनाः** बुद्धशान्ति गाउँपालिकाका आम नागरिकहरुको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी रहेको र सोको व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ अनुसार बुद्धशान्ति गाउँ सभाले यो ऐन जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम बुद्धशान्ति गाउँपालिकाको स्वास्थ्य सेवा संचालन ऐन, २०८१ रहेको छ ।

(२) गाउँ सभाबाट स्वीकृत भई बुद्धशान्ति राजपत्रमा प्रकाशित भए पश्चात बुद्धशान्ति गाउँपालिका भर लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा,

(क) "विधेयक" भन्नाले बुद्धशान्ति गाउँपालिकाको स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी विधेयक, २०८१ लाई सम्झनु पर्छ ।

(ख) "संघीय विधेयक" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको विधेयकलाई बुझ्नु पर्दछ ।

(ग) "प्रदेश विधेयक" भन्नाले स्वास्थ्य सेवा सम्बन्धमा कोशी संसदले बनाएको विधेयकलाई सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँपलिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँपलिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "गाउँपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(झ) "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ञ) "गाउँ सभा" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ड) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(ढ) "स्वास्थ्य संस्था" भन्नाले अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन

केन्द्र, आयुर्वेदिक औषधालय, शहरी स्वास्थ्य किल्नीक, आभारभूत स्वस्थ्य केन्द्र, सामुदायिक स्वस्थ्य केन्द्र, होमियोप्याथिक, फिजियोथेरापी र यस्तै प्रकारका निजी तथा सामुदायीक स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ण) "सुलभ फार्मेसी सेवा" भन्नाले गाउँपालका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा सर्वसाधारणका लागि गुणस्तरीय औषधीहरु सुपथ मूल्यमा विक्री वितरण गर्ने गरी बुद्धशान्ति गाउपालिकाको गाउँ कार्यपालिकाबाट बनाइने अस्पताल फार्मेसी सेवा निर्देशिका बमोजिम सञ्चालन भएको स्वास्थ्य संस्थाको हाता भित्र सरकारी वा सामुदायिक लगानीमा स्थानीय सरकारबाट सञ्चालित औषधी पसल वा

औषधी विक्री केन्द्र समेतलाई सम्झनु पर्दछ ।

(त) "समन्वय समिति" भन्नाले दफा ५ बमोजिम गठित गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्वन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु देहाय वमोजिम हुनेछन्ः

(क) सरकारी वा सामुदायिक सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत

स्वास्थ्य सेवा केन्द्र, आयूर्वेद, होमियोप्याथि, तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, साधारण स्वास्थ्य क्लिनिक, फिजियथेरापी क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसी, प्राथमिक उपचार केन्द्रहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने

अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **<u>स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः</u>** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुने छ।

५. **<u>गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समितिको गठन, काम, कर्तव्य र अधिकारः</u>** (१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख तथा व्यवस्थान गर्न तोकिए वमोजिमको एक गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समितिको गठन गरिने छ। गाउँपालिका स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड स्विकृत गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति तथा सिफारिस सम्बन्धी गाउँ कार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने,

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य

सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने गराउने,

(ज) गाउ कार्यपालिकालाई स्वास्थ्य सेवा सम्वन्धी क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने,

(झ) स्वास्थ्य संस्थाहरुमा सञ्चालनमा आएका सुलभ औषधि पसल वा केन्द्रहरुको निरीक्षण, नियन्त्रण तथा रेखदेख गरी सो पसलहरुको लेखापालन तथा व्यवस्थापन चुस्त दुरुस्त राख्ख लगाउने,

(ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

६. **<u>स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार</u>ः** (१) सामुदायिक अस्पताल गाउँपालिका स्तरको आधारभूत अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र व्यवस्थापनका लागि तोकिए वमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिने छ।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन्,-

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउपालिकामा पेश गर्ने।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न

सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने।

(च) सुलभ फार्मेसी सेवा सञ्चालन भएको भए सो सेवाको रेखदेख, अनुगमन, व्यवस्थापन गरी चुस्त दुरुस्त लेखापालन कायम राख्ने वा राख्न लगाउने र सुलभ फार्मेसी सेवा सञ्चालन नभएको भए सञ्चालनका लागि आवश्यक पहल गर्ने।

(छ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि

कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. **<u>बैंक खाता सञ्चालनः</u>** स्वास्थ्य संस्थाको लेखा व्यवस्थापन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति सम्वन्धी मापदण्ड

८. **<u>अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः</u>** गाउँपालिकाले स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **<u>निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्नेः</u>** (१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा

ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा संचालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) कार्यान्वयनका लागि गाउँपालिकाले स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड तोकिए बमोजिम हुनेछ ।

१०. **पोलिक्लिनिक संचालनको सिफारिसः** (१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा पोलिकिल्निक संचालन गर्न चाहेमा संचालन सिफारिस गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) कार्यान्वयनका लागि गाउँपालिकाले स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**११. <u>प्रयोगशाला वा ल्याब संचालन अनुमति तथा सिफारिस</u>:** (१) कुनै संस्था वा व्यक्तिले प्रयोगशाला वा ल्याव संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति/सिफारिस लिई तोकिए बमोजिमको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) कार्यान्वयनका लागि गाउँपालिकाले स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**१२. <u>फार्मेसी संचालनको अनुमती तथा सिफारिस</u>:**(१) गाउपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति तथा सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) कार्यान्वयनका लागि गाउँपालिकाले "फार्मेसि सेवा संचालन निर्देशिका" जारि गर्नेछ।

(३) गाउँपालिकाले फार्मेसि सेवा संचालन निर्देशिका जारि नभए सम्म अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ बमोजिम गर्नुपर्ने छ ।

**१३. <u>निजी क्षेत्रलाई प्राथमिक उपचार केन्द्र संचालनको अनुमति दिइने</u>** :(१) गाउँपालिका क्षेत्र भित्र प्राथमिक उपचार केन्द्र संचालन गर्न वा घरमा आधारित स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा नेपाल मेडिकल काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषदमा वा सम्बन्धित काउन्सिलमा दर्ता भएका चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य सेवा प्रदायक संस्हथारुले गाउँपालिकाबाट अनुमति लिइ संचालन गर्न सक्नेछन ।

(२) उपदफा (१) कार्यान्वयनका लागि गाउँपालिकाले स्वास्थ्य संस्था स्थापना,

सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **<u>व्यवसाय दर्ता गर्नु पर्नेः</u>** तोकिए बमोजिमको प्रक्रिया पुरा गरी निजी क्षेत्रले सञ्चालन गरेको अस्पतालले तोकिए बमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ ।

१५. **<u>अनुमति दस्तुर बुझाउनु पर्नेः</u>** अस्पताल दर्ता वा अनुमतिका लागि तोकिए बमोजिमको दस्तुर बुझाउनुपर्नेछ।

१६. **<u>व्यवसाय नविकरण गर्नु पर्नेः</u>** दर्ता गरि सञ्चालन गरेको निजी अस्पतालले सालबसाली रुपमा व्यवसाय नविकरण गर्नुपर्नेछ ।

१७. **<u>स्वास्थ्य संस्था गाभिई सेवा संचालन गर्न सक्नेः</u>** तोकिए बमोजिमको प्रक्रिया पुरा गरि स्वास्थ्य संस्था गाभिएर सेवा सञ्चालन गर्न सक्नेछन ।

१८. **<u>थप सेवा बिस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्नेः</u>** (१) स्वास्थ्य संस्थाले आफुले सेवा संचालन गर्न अनुमति पाएको सेवाको अतिरिक्त थप सेवा बिस्तार गर्न वा शाखा स्थापना गरि सेवा संचालन गर्न चाहेमा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धी तोकिए बमोजिमको प्रकृया पुरा गरि अनुमति प्राप्त गर्नु पर्नेछ ।

१९. **<u>मापदण्ड पुरा नगरेमा सजाय हुनेः</u>** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पूरा नगरी झूठा विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा

स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ्ग र फार्मेसीहरुले परिषद्मा व्यवस्था भए बमोजिमको आचार संहिता उल्लघन गरेमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

२०. **<u>सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः</u>** निजी लगानी मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षण र उपचारका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा कम्तीमा १० प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ। जेष्ठ नागरिक तथा अन्यको हकमा तोकिए बमोजिम हुनेछ ।

२१. **<u>स्वास्थ्य शिविर सञ्चालन</u>ः** गाउँपालिका भित्र कुनै पनि स्वास्थ्य शिविर सञ्चालन गर्न प्रस्ताव

सहित निवेदन पेश गरी गाउँ कार्यपालिकाको कार्यालयबाट अनिवार्य स्वीकृत लिनु पर्नेछ

२२. **नियमित प्रतिबेदन गर्नुपर्ने:** संस्थाहरुले प्रदान गरिएका सबै स्वास्थ्य सेवाहरुको नियम अनुसार मासिक रुपमा तोकिएको ढाँचामा स्वास्थ्य शाखामा प्रतिबेदन पेश गर्नु पर्ने छ ।

## परिच्छेद: ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवा सम्बन्धी व्यवस्था

२३. **स्वास्थ्यकर्मीको व्यवस्थापन:** गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन्:

(क) स्थायी : संघीय सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु तथा प्रदेश/संघिय लोकसेवा आयोगबाट सिफारिस भई

आएका चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोशालाकर्मी, कार्यालय सहयोगी र अन्य ।

(ख) दैनिक ज्यालादारि करार स्थानीय माग र विशिष्टताका आधारमा गाउपालिका मार्फत दैनिक ज्यालादारि करार सेवामा भर्ना गरिएका चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोशालाकर्मी, सुरक्षा गार्ड, सरसफाईकर्मी र कार्यालय सहयोगी र अन्य ।

(ग) अभ्यासकर्ता : स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई

अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ ।

(घ)स्वास्थ्य अभियानकर्ता र स्वयंसेविकाहरुः तोकिए बमोजिम छनौट भएका अभियानकर्ता र स्वयंसेवकहरु।

२४. **<u>अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्थाः</u>** (१) स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु छनौट गर्न सक्नेछ।

(क) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम दश कक्षा उतीर्ण

गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(ख) एउटा वडामा अधिकतम संख्या दश हुने गरी औसत प्रति घरधुरी २०० का लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्ने छ ।

(ग) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता

अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ ।

(घ) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा दश कक्षा उतिर्णलाई मात्र छनौट दिइने छ ।

(ङ) नयाँ महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि देहाय वमोजिमको एक वडा स्तरिय सिफारिस समिति रहने छः

(अ)सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(आ) वडा समिति सदस्य -सदस्य

(इ) व्यवस्थापन समितिले छनोट गरेको व्यवस्थापन समितिका सदस्यहरु (महिला) - सदस्य

(ई) स्थानीय आमा समुहको अध्यक्ष - सदस्य

(उ)स्थानीय स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(च) नयाँ महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु

छनौटका लागि देहाय वमोजिमको पालिका स्तरिय छनौट समिति रहने छ।

(अ) गाउँपालिका स्वास्थ्य समिति संयोजक- अध्यक्ष

(आ) कार्यपालिकाले तोकेको महिला कार्यपालिका- सदस्य

(इ) प्र.प्र.अ. वा निजले तोकेको एक जना कर्मचारी-सदस्य

(ई) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(छ) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु छनौटका लागि सम्बन्धित वडाका आमा समूहले बैठक राखी तोके वमोजिको योग्यता पूरा गरेका इच्छुक निवेदकहरुबाट निवेदन संकलन गरी बैठकको माइन्युट प्रतिलिपी र सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस सहित छनौटका लागि उपदफा (५) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

(२)छनौट समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२५. **<u>स्वास्थ्यकर्मीको सेवा सुविधाः</u>** (१) स्थायी स्वास्थ्यकर्मीहरुलाई संघीय सरकारले तोकेको स्केल वमोजिम तलव र गाउँपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा दिइने छ ।

(२) दैनिक ज्यालादारी, करार सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) अभियानकर्ता स्वयंसेविकाहरुलाई पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

२६. **<u>स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियूक्तिः</u>**

(१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँपालिकाले नियमानुसार निर्धारण गर्ने छ ।

(२) दरवन्दी अनुसारका पदहरुमा संघीय सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु र लोकसेवाकोबाट सिफारिस भई आएका कर्मचारीहरु रहने छन् ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा नियमानुसार नियुक्ति हुनेछ ।

२७. **<u>कर्मचारी सरुवा</u>**ः(१) गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार स्थानीय स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(२) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न गाउँकार्यपालिकाको कार्यालयमा सरुवाका लागि निवेदन दिन सक्नेछ।यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धी शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ। विशेष अवस्थाका लागि सरुवा माग भई आएमा प्राथमिकता दिइनेछ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगँ रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझदो कारण समेत बुझिने छ।

(४) माथी उपदफा (१) (२) र (३) मा जे सुकै उल्लेख भएता पनि गाउँ

कार्यपालिकाको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई आवश्यकता समेतका आधारमा एक स्वास्थ्य संस्था बाट अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न बाधा पुगेको मानिने छैन ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

(क) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य सेवा सम्बन्धी शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग

कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(ख) प्रत्येक वर्ष कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले हरेक त्रैमासिकको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(ग) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा सम्बन्धी अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ

२९. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः** (१) गाउँपालिका अन्तर्गतका

स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको वार्षिक, अर्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन तोकिए वमोजिम हुनेछ ।

(२) गाउँपालिका अन्तर्गतका स्वास्थ्यकर्मी कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिनेछ।

(३) कार्य सम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय सम्बन्धी मापदण्ड गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## <u>औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था</u>

३०. **वार्षिक खरिद योजना बनाउनु पर्ने:** आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने संघीय सरकारले तोकेको निःशुल्क वितरण गर्ने औषधी, स्थानीय समस्याको आधारमा आवश्यक औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न नियमानुसार वार्षिक खरिद योजना बनाई तोकिएको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

३१. **औषधी तथा स्वास्थ्य उपकरण खरिदः** (१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिकाका स्वास्थ्य सेवा सम्वन्धी शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२)औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद विधेयक र स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

(३) समुदायमा सर्वसुलभ भरपर्दो एवम् उचित मुल्यमा औषधि उपलब्ध गराउनका लागी सामुदायिक स्वास्थ्य संस्थाहरु मातहत रहनेगरि सुलभ औषधालय सञ्चालन गर्न सकिनेछ ।

३२. **<u>औषधी तथा स्वास्थ्य उपकरणको भण्डारणः</u>** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य सेवा सम्बन्धी शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा वा आवश्यकता अनुसार गर्नुपर्ने छ ।

(३) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी

विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

३३. **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः** गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा सम्बन्धी तोकिएको अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनसक्ने छ ।

३४. **सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापनः** (१) गाउँपालिकाले राष्ट्रिय र

प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम, अभियानहरु संचालन गर्नेछ। अस्पताल मार्फत बीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

३५. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन** : (१) स्वच्छ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्यसेवा सम्वन्धी अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र

सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सम्बन्धित गाउँपालिकामा रहेका निजि फार्मेसि, प्राथमिक उपचार केन्द्रहरुको औषधि व्यवस्था विभाग समेतबाट अनुगमन हुँदा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी गाउँपालिका प्रतिनिधि सहित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्थामिलाउन सक्नेछ।

(५) गाउँपालिका अन्तर्गतका बजार, गाउँ बस्तीहरुलाई स्वस्थ, स्वच्छ एवं वातावरणमैत्री गाउँपालिका बनाउन गाउँ कार्यपालिकाले स्वास्थ्य निर्देशिका वा कार्यविधिहरु जारी गर्नेछ ।

(६) सरसफाई व्यवस्थापनका लागि गाउँपालिकाले सेवा शुल्क समेत तोक्न सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

३६. **रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः** (१) स्थानीय स्तरमा कुनै रोगको महामारी भएमा सो को जानकारी चौबिस घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी पाँच दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले

मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।गरिब तथा विपन्न परिवारका सदस्यहरुलाई क्यान्सर, मुटु रोग, मृगौला सम्बन्धी रोग, स्पाइनल इन्ज्युरी जस्ता जटिल रोगीहरुलाई छुट्टै कार्यविधि बनाई गाउँ कार्यपालिकाले आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

(४) महामारी तथा रोगबाट बचाउन अपनाईने विधिहरु, खोपकार्यक्रमलाई अनिवार्य गरिनेछ ।

**३७. <u>महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्नेः</u>** (१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निक्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका

सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने, महामारी नियन्त्रणका लागि उपचारात्मक तथा निदानात्मक एवम् प्रतिकारत्मक उपाएहरु अपनाउन र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्नेछ ।

(३) महामारी रोग व्यवस्थापन गर्न आवश्यकता अनुसार गाउपालिकाको निर्णयानुसार सामुदायिक तथा निजी स्वास्थ्य संस्था र सामुदायिक तथा निजी संघ संस्थाहरुलाई परिचालन र उपयोग गर्न सक्नेछ।

३८. **<u>सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः</u>** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि कानुन बमोजिम स्वीकृती र गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था, हाटवजार जस्ता सार्वजनिक क्षेत्रहरुमा तोकिए बमोजिम निश्चित दूरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ।

(३) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले तोकिए बमोजिम जरिवाना गर्न सक्नेछ ।

३९. **सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापनः** (१) सरसफाई सम्बन्धी तोकिए बमोजिम मापदण्ड तयार गरिने छ ।

(२) यसरी स्वीकृत भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सबै घरपरिवारसम्म प्रचार प्रसार गरी सुशुचित गर्नेछन् ।

(३) संघ संस्था, सरकारी निकाय, पार्क, बजार, मेला लगायत सार्वजनिक भवन र घर निमार्ण गर्दा शौचालयको व्यवस्था र फोहर विसर्जन गर्ने व्यवस्था भएको हुनुपर्ने छ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को

परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने परिवारले तिर्नुपर्ने छ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

(६) अस्पताल स्वास्थ्य संस्था लगायत अन्य सम्पूर्ण स्वास्थ्य संस्थाबाट निस्कने फोहोर तथा जोखिमयुक्त फोहोरजन्य पदार्थलाई नियमानुसार आफैले व्यवस्थापन गर्नुपर्नेछ । सो नगरेको खण्डमा प्रचलित कानून बमोजिम कार्वाहिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

## परिच्छेद ८

## विविध

४०. **<u>प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः</u>** (१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक विधेयकले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

४१. **<u>राष्ट्रिय, प्रादेशिक र स्थानीय स्वास्थ्य कार्यक्रम, अभियान र आधारभूत स्वास्थ्य</u>**

**सेवालाई प्राथमिकता दिनु पर्नेः** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको प्राथमिकता प्राप्त स्वास्थ्य कार्यक्रम अभियान तथा आधारभूत स्वास्थ्य सेवा र स्थानीय स्वास्थ्य आवश्यकतालाई विशेष प्राथमिकतामा राखी योजना बनाई कार्यान्वयन गरिनेछ

४२. **अनुगमन र नियमनः** स्थानीय परम्परागत स्वास्थ्य सेवालाई आधुनिक तथा वैज्ञानिक उपचार पद्दतिमा आधारित बनाई आवश्यकता अनुसार परिचालन गर्ने गरी अभिलेख अद्यावधिक गरी स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ ।

४३. **प्रगति विवरणः** गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण तोकिए

बमोजिम गाउँपालिका समक्ष मासिक रुपमा बुझाउनु पर्नेछ।

४४. **<u>साझेदारी र सहकार्यः</u>** गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा सम्वन्धी सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

४५. **<u>पुनरावेदनः</u>** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

४६. **<u>नियम बनाउने अधिकारः</u>** (१) यस विधेयकको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस विधेयकको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, मापदण्ड, कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

४७. **<u>संक्रमणकालीन व्यवस्थाः</u>** यस विधेयकले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नभए सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

४८. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** यस विधेयकको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै विधेयकमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

४९. **<u>खारेजी र बचाउः</u>** (१) स्वास्थ्य संस्था संचालन सम्बन्धी समितिहरु खारेज गरिएको छ । सो बमोजिम भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) नेपालको संविधान, संघीय तथा प्रदेश कानूनसँग कुनै दफा बाझिएको खण्डमा यस विधेयकका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

सभाबाट पारित भएको मितिः २०८१।०९।२९

आज्ञाले,
विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत